**बैठक संख्या: २**

आज मिति २०८१।०५।३० गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | नगर उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडा अध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडा अध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री इबरार पठान | का.वडा अध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री बाबुराम पौडेल | सदस्य-सचिव |

Scanned with CamScanner

बैठक मिति :२०८१।०५।३०

निर्णयहरु :

१. कार्यविधि सम्वन्धमा।

विधेयक समितिबाट सिफारिस भई आएको देहायबमोजिमको कार्यविधि स्वीकृत गरी लागू गर्ने निर्णय गरियो।

तपसिल :-

- नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० (तेस्रो संसोधन,२०८१)

२. दररेट सम्वन्धमा।

चालु आ.व.२०८१/८२ को जिल्ला दररेटमा आधारित रही पूर्वाधार शाखाबाट दररेट विश्लेषणको आधारमा तयार गरिएको निर्माण जन्य कार्यको बार्षिक दररेट तथा चालु आर्थिक वर्षमा खरिद गर्नुपर्ने वस्तु तथा सेवाको प्रचलित बजार दररेटको आधारमा विभिन्न शाखा/उपशाखाहरु बाट तयार गरिएको दररेट स्वीकृत गर्ने निर्णय गरियो।

३. आधारभूत अस्पतालमा कर्मचारी व्यवस्थापन सम्वन्धमा।

यस नगरपालिकाद्धारा संचालित आधारभूत स्वास्थ्य सेवा अस्पतालमा २४ सै घण्टे प्रसुती तथा ईमेरजेन्सी सेवा,DR सेवा, फार्मेसी सेवा, स्वास्थ्य बिमा उपचार सेवा लगायतका अतिरिक्त सेवाहरु थप गरिएता पनि सो को लागि थप कर्मचारी व्यवस्था नहुँदा अस्पतालको सेवा प्रवाहमा कठिनाई भईरहेको हुँदा उक्त अस्पतालको लागि फार्मेसी सुपरभाईजर १(एक) जना र ल्याब असिस्टेन्ट १ (एक) जना कर्मचारी दैनिक ज्यालादारीमा नियुक्ती गरी कामकाजमा लगाउने निर्णय गरियो।

४. छाडा चौपाया व्यवस्थापन सम्वन्धमा।

नगर क्षेत्र भित्र रहेका छाडा पशु चौपाया व्यवस्थापन कार्य अन्तर्गत छाडा चौपायाको पालन पोषण तथा औषधि उपचारको लागि गत आर्थिक वर्षमा नगर कार्यपालिका बैठकबाट प्रतिगोटा पशु मासिक रु.८,००/- दररेट निर्धारण गरी छाडा चौपाया व्यवस्थापन गर्दै आईरहेकोमा चालु आ.व.मा समेत छाडा पशु चौपाया व्यवस्थापनको लागि प्रस्ताव आह्वान गर्दा विभिन्न ३(तिन) वटा संस्थाहरुबाट प्रस्ताव पेश हुन आएकोले चालु आर्थिक वर्षमा समेत सोही रु.८,००/- दररेट निर्धारण गरी छाडा पशु चौपाया व्यवस्थापन कार्य गर्ने साथै नगर क्षेत्रभित्र पालन गरेका बिरामी तथा अशक्त लगायतका पशु चौपाया कोही कसैले खुल्ला सडकमा छाडेमा निजलाई रु.२०,०००/- जरिवाना गरी त्यसरी छाडेको प्रमाण सहित सूचना दिने व्यक्तिको विवरण गोप्य राखी सूचकलाई रु.१०,०००/- पुरष्कार प्रदान गर्ने निर्णय गरियो।

५. ७ नं. वडा कार्यालय भवनको DPR स्वीकृत सम्वन्धमा।

यस नगरपालिका अन्तर्गत ७ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माणका लागि सेवा परामर्शको माधमद्धारा तयार गरिएको विस्तृत आयोजना प्रतिवेदन (DPR) सहित लागत अनुमान स्वीकृत गर्ने र चालु आ.व.मा उक्त वडा कार्यालय भवनको पहिलो १ (एक) तल्ला निर्माणको लागि अधिकतम रु.१ करोड २० लाखमा नबढ्ने गरी ठेक्का आह्वान गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकिय अधिकृत

अजय थापा
नगर प्रमुख

Scanned with CamScanner

बैठक मिति :२०८१।०५।३०

६. **गत आर्थिक वर्षको भुक्तानी बाँकी सम्वन्धमा।**

गत आर्थिक वर्षमा कार्य सम्पन्न भई विभिन्न कारण भुक्तानी हुन बाँकी रहेका देहायबमोजिमको रकमलाई भुक्तानी बाँकीको रुपमा राखी चालु आर्थिक वर्षमा भुक्तानी दिने निर्णय गरियो।

तपसिल :-

१. नगर सरसफाई कार्य वापत — रु.१,१०,७४०/-
२. स्वास्थ्य औषधि खरिद वापत - रु.८६,०००/-
३. जस्तापाता खरिद वापत— रु.२१,६९,३४५/-
४. साना सिंचाई स्यालो ट्युबेल जडान वापत — रु.२०,११,०००/-
५. झोलुङ्गे पुल स्टिल पार्ट्स खरिद वापत — रु.४,९१,६१६/-
६. कार्यालयमा इन्टरनेट जडान वापत — रु.२,८५,०००/-
७. चार पाङ्ग्रे सवारी साधन मर्मत वापत — रु.१,८५,०००/-
८. दुई पाङ्ग्रे सवारी मर्मत वापत — रु.१,८४,०००/-
९. ईन्धन वापत — रु.१,३०,०००/-

७. **MIS अपरेटर तथा फिल्ड सहायक कर्मचारी व्यवस्थापन सम्वन्धमा।**

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम संचालनको लागि यस नगरपालिकामा गत विगत आर्थिक वर्षदेखि २(दुई) जना MIS अपरेटर र १(एक) जना फिल्ड सहायक कर्मचारी करार सेवामा कामकाज गर्दै आईरहेकोमा हाल फिल्ड सहायक कर्मचारीले स्व-ईच्छिक राजिनामा दिई सकेको र २(दुई) जना MIS अपरेटर कर्मचारी कार्यरत रहेकोमा चालु आर्थिक वर्षमा संघीय सरकार अन्तर्गत १ जना MIS अपरेटर तथा १ जना फिल्ड सहायक कर्मचारीको मात्रै तलव भत्ता वापतको रकम प्राप्त हुने श्रोत सुनिस्चित भएकाले हाल कार्यरत २ (दुई) जना MIS अपरेटर मध्ये नगर प्रमुखद्धारा कार्यसम्पादन मूल्याङ्कन गरी १ जनालाई MIS अपरेटर तथा १ जनालाई फिल्ड सहायकको रुपमा करार नविकरण गरी कामकाजमा लगाउने निर्णय गरियो।

८. **तिन पाङ्ग्रे सवारी साधनको कलर कोर्ड तथा चालक ड्रेस कोर्ड निर्धारण सम्वन्धमा।**

शिवराज नगरपालिकाको तिन पाङ्ग्रे सवारी साधन संचालन, व्यवस्थापन तथा नियमन सम्वन्धि कार्यविधि,२०८१ बमोजिम यस नगरपालिका भित्र संचालन अनुमती लिएका तिन पाङ्ग्रे सवारी साधनहरुलाई सोही कार्यविधिको दफा १४ को २ (छ) बमोजिम कलर कोर्डको रुपमा तिन पाङ्ग्रे सवारीको अगाडीको सिसाको तल्लो भागमा पँहेलो कलर लगाउने तथा चालकको ड्रेस कोड फ्लोरेन्स ज्याकेट कायम गर्ने साथै सो को जानकारीका लागि यातायात व्यवस्था कार्यालय बुटवलमा लेखि पठाउने निर्णय गरियो।

९. **नगर प्रहरी सहायक निरिक्षक र नगर प्रहरी हवल्दार पदपूर्तीको तरिका तोक्ने सम्वन्धमा।**

शिवराज नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० (तेस्रो संसोधन,२०८१) बमोजिम नगर प्रहरी सहायक निरिक्षक र नगर प्रहरी हवल्दार पदमा पदपूर्तीको लागि हाललाई अवकाश प्राप्त सुरक्षाकर्मीबाट पदपूर्ती गर्ने विधि अपनाउने निर्णय गरियो।

निर्णय प्रमाणित
बाबुराम पौडेल
प्रमुख प्रशासकिय अधिकृत

अजय थापा
नगर प्रमुख

Scanned with CamScanner

बैठक मिति :२०८१।०५।३०

१०.नगर उप प्रमुखको सचिवालय कर्मचारी व्यवस्थापन सम्वन्धमा।

यस नगरपालिकाको स्वीकृत संगठन संरचना तथा शिवराज नगरपालिका सचिवालय गठन तथा संचालन कार्यविधि,२०८१ बमोजिम सेवा शर्त हुने तथा न्यायिक समितिको कामकाजमा समेत आवश्यक सहयोग गर्ने गरी नगर उप प्रमुखले तोकेको १ (एक) जना व्यक्तिलाई यस नगरपालिकाको नगर उप प्रमुखज्यूको सचिवालयमा स्वकिय सहायक (चौथो तह)/सहायक कम्प्युटर अपरेटर पदमा करार सेवामा नियुक्ती गरी कामकाजमा लगाउने निर्णय गरियो।

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकिय अधिकृत

अजय थापा
नगर प्रमुख

Scanned with CamScanner